**माननीय माधवप्रसाद चौलागाई**
मन्त्री
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

**Hon'ble Madhav Prasad Chaulagain**
Minister
Ministry of Forests and Environment
Singhadurbar, Kathmandu

च.नं.

मितिः- २०८२/११/२९
नेपाल संवत्: ११४६ चिल्लागा नवमी

## वन डढेलो व्यवस्थापन सप्ताहको अवसरमा वन तथा वातावरण मन्त्रालयको अनुरोध

नेपालमा सुख्खा यामको आगमनसँगै विशेषगरी फाल्गुन देखि जेष्ठ महिनासम्म वन क्षेत्रमा डढेलो लाग्ने जोखिम उच्च रहेको छ। वन डढेलोका कारण वन स्रोत, जैविक विविधता, वातावरणीय सन्तुलन, जलस्रोत, मानव स्वास्थ्य तथा जनधनमा गम्भीर नकारात्मक प्रभाव पर्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि समयमै प्रभावकारी पूर्वतयारी, समन्वय र जनचेतना अभिवृद्धि अत्यन्त आवश्यक रहेको छ।

यसै सन्दर्भमा "वन डढेलो व्यवस्थापन रणनीति, २०६७" मा भएको व्यवस्था अनुसार प्रत्येक वर्ष चैत्र १ गतेदेखि चैत्र ७ गतेसम्म "वन डढेलो व्यवस्थापन सप्ताह" मनाइँदै आएको परिप्रेक्ष्यमा यस वर्ष पनि देशभर "वन डढेलो व्यवस्थापन सप्ताह" मनाउने सन्दर्भमा **"वन डढेलो नियन्त्रणमा प्रभावकारिता: तीनै तहका सरकार र समुदायको सहभागिता"** भन्ने नारा तय गरिएको छ।

वन डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि अत्यन्त महत्वपूर्ण हुने भएकाले उक्त सप्ताहको अवसरमा सबै डिभिजन वन कार्यालयहरू, वन उपभोक्ता समूहहरू, विकास तथा संरक्षण साझेदार संस्था तथा सम्वन्धित सरोकारवाला निकायहरूले आ–आफ्नो कार्यक्षेत्रमा विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सप्ताह मनाउनु हुन अनुरोध गरिन्छ। यस क्रममा जनचेतना अभिवृद्धि कार्यक्रम, समुदाय तथा विद्यालयस्तरीय अभिमुखीकरण, प्रचार–प्रसार अभियान, स्थानिय सचार माध्यहरुबाट प्रचार प्रसार,जोखिमयुक्त क्षेत्रहरूमा अनुगमन, वन क्षेत्रमा अग्नी रेखा निर्माण र सरसफाइ तथा अन्य उपयुक्त वन डढेलो व्यवस्थापनका गतिविधिहरू सञ्चालन गर्न सकिनेछ।

वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका कार्यहरूमा निरन्तर रूपमा सहयोग, समन्वय र सक्रिय सहभागिता जनाउँदै आउनु भएका वन कर्मचारीहरू, सशस्त्र वन रक्षकहरू, वन उपभोक्ता समूहका पदाधिकारी तथा सदस्यहरू, स्थानीय समुदाय, सुरक्षा निकायहरू, स्थानीय तह, सञ्चारमाध्यम तथा अन्य सरोकारवाला निकायहरू प्रति वन तथा वातावरण मन्त्रालय हार्दिक आभार तथा उच्च प्रशंसा व्यक्त गर्दछ। वन डढेलो नियन्त्रण तथा व्यवस्थापनमा यहाँहरूको समर्पण, सहकार्य र निरन्तर प्रयास वन तथा वातावरण संरक्षणका लागि अत्यन्त महत्वपूर्ण रहेको छ।

वन डढेलोका अधिकांश घटनाहरू मानवीय गतिविधिका कारण हुने भएकाले यसको रोकथामका लागि सबै सरोकारवालाको जिम्मेवार व्यवहार र सक्रिय सहभागिता आवश्यक रहेको छ। तसर्थ, वन डढेलो हुने जोखिम अवधि भर सबै निकाय तथा नागरिकहरूलाई वन क्षेत्रमा वन डढेलो व्यवस्थापन तथा नियन्त्रणका लागि सक्रिय भूमिका निर्वाह गर्न वन तथा वातावरण मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

२०८२/११/२९

इमेल:- madhavjee@gmail.com